May 27th, 2026 Wednesday

यो आकाशवाणी हो।

प्रमुख समाचार:

१. राष्ट्रको प्रगतिको लागि पूर्वोत्तर क्षेत्रको विकास महत्वपूर्ण रहेको राष्ट्रपति द्रौपदी मुर्मुको भनाइ

२. मन्त्रिपरिषद्द्वारा सार्वजनिक वितरण प्रणाली अन्तर्गत सार्थक-पीडीएस, राशन, यातायात र व्यवस्थापन सहयोग योजनालाई निरन्तरता दिन मञ्जुरी

३. निर्वाचन आयोगद्वारा सञ्चालित मतदाता नामावलीको विशेष गहन संशोधन (SIR) प्रक्रियाको वैधतालाई सर्वोच्च अदालतको समर्थन

४. NEET UG २०२६ पेपर चुहावट प्रकरणमा थप तीन जना पक्राउ

५. अनि आज साँझ आईपीएल क्रिकेट एलिमिनेटर खेलमा सनराइजर्स हैदराबाद र राजस्थान रोयल्स बीच प्रतिस्पर्धा हुँदै

----------

1. Prez – Sikkim- Visit

राष्ट्रपति द्रौपदी मुर्मुले राष्ट्रको प्रगतिको लागि पूर्वोत्तर क्षेत्रको विकास महत्वपूर्ण रहेको बताउनुभएको छ। आज गान्तोकमा सिक्किम विश्वविद्यालयको दीक्षान्त समारोहलाई सम्बोधन गर्दै उहाँले शिक्षालाई सशक्तिकरणको मार्गको रूपमा वर्णन गर्नुभयो र विद्यार्थीहरूलाई आफ्नो विचार, नवप्रवर्तन र पारस्परिक विश्वासको माध्यमबाट राष्ट्र निर्माणमा सक्रिय भूमिका खेल्न आग्रह गर्नुभयो। राष्ट्रपतिले समाजका कमजोर वर्गको उत्थानमा विशेष योगदान दिन पनि आग्रह गर्नुभयो।

यसअघि, राष्ट्रपतिले गान्तोकमा महिलाहरूलाई समर्पित पिंक सिटी रनर्स - आमा दिदी बाहिनी बस सेवालाई झण्डा देखाएर शुभारम्भ गर्नुभएको थियो।

2. Cabinet

आर्थिक मामिला सम्बन्धी मन्त्रिपरिषद् समितिले आज सार्वजनिक वितरण प्रणाली अन्तर्गत सार्थक-पीडीएस, राशन, यातायात र व्यवस्थापन सहयोग योजनालाई निरन्तरता दिन स्वीकृति दिएको छ। केन्द्र सरकारले यस योजनाको लागि २५,५३० करोड रुपियाँ विनियोजन गरेको छ। नयाँ दिल्लीमा सञ्चारकर्मीहरूलाई जानकारी दिँदै सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले यो योजनाले अन्तरराज्यीय खाद्यान्न ढुवानीको लागि राज्य एजेन्सीहरूलाई सहयोग प्रदान गर्नेछ, उचित मूल्य पसलहरूलाई सहयोग गर्नेछ र सार्वजनिक वितरण प्रणालीलाई आधुनिकीकरण गर्न मद्दत गर्ने बताउनुभयो।

3. Shah – Cabinet

गृहमन्त्री अमित शाहले सार्थक-पीडीएस योजनाको दोस्रो चरणको लागि केन्द्रीय मन्त्रिपरिषद्ले २५,५०० करोड रुपैयाँभन्दा बढीको स्वीकृति दिएकोमा स्वागत गर्नुभयो। सामाजिक सञ्जालको एक पोस्टमा श्री शाहले सरकारले गरिबी निवारण योजनाहरूलाई अझ पारदर्शी र सुविधाजनक बनाउन प्रविधिलाई समावेश गरिरहेको बताउनुभयो।

4. SC- SIR

सर्वोच्च अदालतले निर्वाचन आयोगद्वारा सञ्चालित मतदाता नामावलीको विशेष गहन संशोधन (SIR) प्रक्रियाको वैधतालाई समर्थन गरेको छ। सर्वोच्च अदालतले SIR प्रक्रियाले स्वतन्त्र र निष्पक्ष चुनावको संवैधानिक अनिवार्यतालाई अगाडि बढाएको बताएको छ। अदालतले जनताको प्रतिनिधित्व ऐन, १९५० को धारा ३२४ र यस अन्तर्गत बनेका नियमहरू अन्तर्गत SIR सञ्चालन

गर्ने अधिकार निर्वाचन आयोगलाई रहेको फैसला सुनायो। मुख्य न्यायाधीश सूर्य कान्त र न्यायाधीश जोय माल्या-बागची सम्मिलित इजलासले गत वर्ष जूनमा बिहारमा SIR सञ्चालन गर्न निर्वाचन आयोगले जारी गरेको अधिसूचनालाई चुनौती दिने रिट याचिकाहरूमा फैसला सुनाएको हो।

5. BJP – SC- SIR

भारतीय जनता पार्टीले सर्वोच्च अदालतको एसआईआरलाई पूर्ण रूपमा संवैधानिक घोषणा गर्ने निर्णयको स्वागत गरेको छ। नयाँ दिल्लीमा पत्रकारहरूलाई सम्बोधन गर्दै पार्टी प्रवक्ता सुधांशु त्रिवेदीले यो निर्णयलाई कांग्रेस लगायत विपक्षीहरूको संवैधानिक हारको रूपमा वर्णन गर्नुभयो।

6. SC – CBSE Policy

सर्वोच्च अदालतले कक्षा ९ का विद्यार्थीहरूलाई कम्तिमा दुई भारतीय भाषाहरू सहित तीन भाषाहरू पढ्न अनिवार्य गर्ने केन्द्रीय माध्यमिक शिक्षा बोर्डको नीतिलाई चुनौती दिने निवेदनमाथि विचार गर्नेछ। सर्वोच्च अदालतले आज केन्द्र सरकार, बोर्ड र राष्ट्रिय शैक्षिक अनुसन्धान तथा प्रशिक्षण परिषद्लाई दुई हप्ता भित्र जवाफ माग गर्दै सूचना जारी गरेको छ। माध्यमिक शिक्षा बोर्डले जुलाई १ देखि कक्षा ९ का विद्यार्थीहरूलाई कम्तिमा दुई भारतीय भाषाहरू सहित तीन भाषाहरू पढ्न अनिवार्य गर्ने परिपत्र जारी गरेको थियो।

७. CBI-NEET UG

केन्द्रीय अनुसन्धान ब्यूरोले आज NEET UG २०२६ पेपर चुहावट प्रकरणमा थप तीन जनालाई पक्राउ गरेको छ। यसमा महाराष्ट्रको लातूरका एक डाक्टर र पुणेको एक कोचिङ इन्स्टिच्युटका एक शिक्षक समावेश छन्। अनुसन्धान एजेन्सीले पुणेको अर्को कोचिङ इन्स्टिच्युटका एक भौतिकशास्त्र शिक्षकलाई पनि पक्राउ गरेको छ। यस मुद्दामा अहिलेसम्म १३ जनालाई पक्राउ गरिएको छ। ब्यूरोका

प्रवक्ताका अनुसार अनुसन्धान एजेन्सीले यस मुद्दामा ४९ स्थानमा छापा मारेको छ र धेरै आपराधिक कागजातहरू, ल्यापटपहरू र मोबाइल फोनहरू बरामद गरेको छ।

८. Piyush Goyal – Toronto

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले क्यानडा भ्रमणको दोस्रो दिन टोरन्टोमा वरिष्ठ क्यानेडियाली नेताहरू र संस्थागत लगानीकर्ताहरूसँग धेरै उच्च-स्तरीय बैठकहरू गर्नुभयो। वाणिज्य तथा उद्योग मन्त्रीले यी बैठकहरूको उद्देश्य द्विपक्षीय सहयोगलाई गहिरो बनाउनु र रणनीतिक क्षेत्रहरूमा लगानी र प्रविधि साझेदारीलाई प्रवर्द्धन गर्नु रहेको बताउनुभयो। दुई देशले २०३० सम्ममा द्विपक्षीय व्यापारलाई $५० अर्ब पुऱ्याउने लक्ष्यलाई पुन: पुष्टि गरेको मन्त्रालयले बताएको छ।

९. IMD - Heatwave

मौसम विभागले हरियाणा, चण्डीगढ, मध्य प्रदेश, पञ्जाब, राजस्थान, उत्तर प्रदेश, महाराष्ट्रको विदर्भका केही भागहरू र दिल्लीमा गम्भीर गर्मीको लहर आउने पूर्वानुमान गरेको छ। पश्चिम बंगालको तराई क्षेत्र, कोंकण र गोवा, ओडिशा, सौराष्ट्र, कच्छ, तमिलनाडु, पुडुचेरी र कराइकलमा तातो र आर्द्र मौसमको अपेक्षा गरिएको छ। राजस्थानमा तीव्र गर्मीको बीचमा, आज राज्यका पाँच जिल्लाहरूमा गर्मीको चेतावनी जारी गरिएको छ।

१०. Sports News

**आईपीएल क्रिकेटमा**, सनराइजर्स हैदराबाद र राजस्थान रोयल्स बीचको एलिमिनेटर खेल आज मोहालीको नयाँ चण्डीगढमा खेलिनेछ। खेल साँझ साढे सात बजे सुरु हुनेछ। विजेता टोलीले शुक्रबार दोस्रो क्वालिफायरमा गुजरात टाइटन्ससँग खेल्नेछ। फाइनल खेल मे ३१ मा अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा खेलिनेछ।

**ब्याडमिन्टनमा**, भारतीय शटलर एच.एस. प्रणयले आज सिंगापुर ओपनमा पुरुष एकलमा पाँचौं वरीयताका इन्डोनेसियाका जोनाथन क्रिस्टीलाई पराजित गर्दै पहिलो राउन्डमा जित हासिल गरे। यद्यपि, अर्को राउन्डको खेलमा, किदाम्बी श्रीकान्त सिंगापुरका लोह किन युसँग पराजित भए। पछि, लक्ष्य सेनले चीनका लु गुआंगजुसँग खेल्नेछन्।

--------